**मन्थली नगरपालिकाको ऐतिहाँसिक सातौं नगरसभामा उपस्थित उपप्रमुखज्यू, प्रमूख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, शाखा प्रमुख लगायत कर्मचारी साथीहरु, पत्रकार मित्रहरु एवं नगरवासी सम्पूर्ण आमावुवा, दाजुभाई तथा दिदीवहिनीहरु**

मन्थली नगरपालिकाको गरिमामय सातौं नगरसभाको यस ऐतिहाँसिक अवसरमा सर्वप्रथम मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै सामाजिक न्याय सहितको समानुपातिक समावेशी र सहभागितामूलक संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू एवं लोकतान्त्रिक शासन व्यवस्था स्थापनार्थ जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवंगत आदरणीय राजनेताहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसले आज मानव जगतमाथि नै चुनौति दिईरहेको छ । यसका कारण करिव चार महिना अघिदेखि मुलुकले एकैपटक मानवीय र आर्थिक संकटको सामना गरिरहनु परेको छ । यस विषम परिस्थितिमा पनि नगरवासीको जीवन रक्षा गर्दै नगरको विकासलाई गतिशिल बनाउने कार्यमा नगरपालिकाले भरमग्दुर प्रयास गरिरहेकै छ । यस्तो असहज अवस्थामा समेत नगरले चालेका कदमहरुमा साथ सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै साथ, सहयोग, ऐक्यवद्धता र सकारात्मक सल्लाह सुझाव प्राप्त हुनेछ भन्ने विस्वास गर्दै कोरोना भाइरसको कारण सिर्जित यस महामारीवाट सुरक्षित हुनका लागि आवश्यक सतर्कता अपनाउन, अत्यावश्यक काममा वाहेक घरवाहिर ननिस्कन र अनावश्यक भिडभाड नगर्न म सम्पूर्ण नगरवासीहरुमा हार्दिक अपिल गर्दछु ।

नेपालको संविधान २०७२ बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संस्थागत हुँदै गईरहेको छ । संविधान वमोजिम संघ, प्रदेश र स्थानीय सरकार बीचको आपसी समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त अनुरुप संघीय र प्रदेश सरकारले प्रस्तुत गरेका नीति तथा कार्यक्रमलाई आधार मान्दै आफ्नो लामो राजनीतिक जीवनका अनुभुतिहरु, नगरप्रमुखको रुपमा यो तीन वर्षको कार्यकालमा प्राप्त अनुभव, जनआकांक्षा, विद्यमान श्रोतसाधन र विभिन्न तहवाट प्राप्त सल्लाह सुझावहरुलाई आत्मसात गदै आज यस गरिमामय सभामा मन्थली नरपालिकाको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

**"समृद्ध नेपाल सुखी नेपाली"** भन्ने नेपाल सरकारको संकल्पलाई सार्थक वनाउनका निमित्त नागरिकका संविधान प्रदत्त हक अधिकारको प्रत्याभुत गदै अत्यावश्यक सेवा सुविधाहरु नगरवासी समक्ष पु¥याउनु हाम्रो प्रमुख दायित्व हो । विद्यमान श्रोत साधन र क्षमताका आधारमा नगरवासीका आकाँक्षाहरुको अधिकतम सम्वोधन गरी सदैव जनहितमा समर्पित हुन सकेमा मात्र हाम्रो नगरपालिका र हामी जनप्रतिनिधीहरुको गरिमा उच्च हुनेमा दुई मत हुन सक्दैन । यसै यथार्थताको जगमा टेकेर नै मैले नगरपालिकाको आगामि आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम तयार गरी यस नगरसभा समक्ष पेश गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रम यो गरिमामय नगरसभाबाट पारित गराई कार्यान्वयन गर्न नगरसभाका सबै सदस्यज्यूहरुको सक्रिय र सहयोगी भूमिका रहने कुरामा म विश्वस्त छु ।

**नगरसभाका आदरणीय सदस्यज्यूहरु म आगामी आ.व.को नीति तथा कार्यक्रम पेश गर्नु अघि चालु आ.व.का प्रमुख नीतिहरु र प्राप्त उपलब्धिहरुको वारेमा संक्षिप्तमा यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

यस नगरपाकिाको गत पाचौं नगरसभावाट स्वीकृत नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका मार्गचित्र अनुरुप चालु आ.व.का कार्यहरु सम्पादन भईरहेकै छन् । नगरवासीका आकांक्षाहरुको यथासम्भव सम्वोधन गर्ने हाम्रो प्रतिवद्धता अनुरुप नगरमा उपलब्ध सिमित श्रोत साधनको अधिकतम परिचालन गर्दै चालु आ.व.का कार्यक्रमहरु कार्यान्वयन गरिएको छ । निर्धारित लक्ष्य अनुरुप नै धेरै क्षेत्रहरुमा अपेक्षित प्रतिफल प्राप्त हुन

सक्ने सम्भावनाहरु पनि विद्यमान रहेका थिए । तथापी चालु आ.व.को लगभग मध्यान्तर देखि विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको सन्त्रास र गत चैत्र ११ गते देखिको निरन्तर वन्दावन्दीको कारण नगरवाट भइरहेका सेवा प्रवाह, विकास निर्माण र राजश्व संकलनमा गहिरो धक्का लागेको छ । यस्तो विषम परिस्थितिमा समेत चालु आ.व.मा केही महत्वपूर्ण उपलब्धिहरु भएका छन्, जसमध्ये मूख्य उपलब्धिहरुलाई यहाँ बुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

१.ढुंगा, गिट्टी, वालुवा, फोहोरमैला, हाटवजार, सवारी करको ठेक्का वन्दोवस्त समयमा नै भई यी क्षेत्रवाट राजश्व संकलन भएको र व्यवसाय दर्ता तथा नविकरण दस्तुर, घरवहाल कर, एकिकृत सम्पत्ती कर जस्ता क्षेत्रको राजश्व वृद्धि भएको छ ।

२. विद्यालयका प्रधानाध्यापक र नगरप्रमूख वीच भएको कार्यसम्पादन सम्झौता, वालविकास केन्द्रको व्यवस्थापन, कक्षा ८ को परीक्षा व्यवस्थापन, स्थानीय पाठ्यक्रम निर्माण आदि कार्यहरुले शैक्षिक गुणस्तर अभिवृद्धि हुदै गएको छ ।

३.स्वास्थ्य सेवालाई सवै नगरवासीको पहुँचमा पुऱ्याउन आवश्यक स्थानहरुमा शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना गरिएको छ । साथै स्वास्थ्यकर्मीहरुको उचित व्यवस्थापन गरी आधारभूत औषधिहरुको अभाव हुन दिइएको छैन ।

४. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको असरवाट नगरवासीहरुलाई सुरक्षित राख्न र जिल्ला वाहिरवाट नगरभित्र प्रवेश गर्ने व्यक्तिहरुको उचित व्यवस्थापन तथा संक्रमितहरुको तत्काल उपचारको व्यवस्था गर्न वजारक्षेत्रमा विषादी छर्किएको, आवश्यक औषधि उपकरण, क्वारेन्टाईन तथा आईसोलेशनको उचित व्यस्थापन गरिएको छ ।

५.समुह/सहकारीमा आवद्ध कृषहरुलाई विउविजन, औजार, विषादी वितरण गरिएको छ । मन्थलीको सानिमदौमा निर्माणाधीन चिस्यान केन्द्रलाई आगामी आ.व. भित्रै सम्पन्न गरिनेछ । अमिलोजातका फलफुलहरुमा लाग्ने औंसाकिरा र मकैमा लाग्ने अमेरिकन फौजी किरा नियन्त्रणका कार्यहरु गरिएका छन् ।

६.पशु विमा, कृतिम गर्भाधान, पशुनश्ल सुधार, गोठ सुधार, छाडा कुकरहरुको वन्ध्याकरण जस्ता कार्यहरु भएका छन् भने किसानलाई प्रतिलिटर दुधमा रु. १ अनुदान दिने कार्यक्रम कार्यान्वयन गरिएको छ ।

७.नगरको १.५ .कि.मि.सडक कालोपत्रे र मुख्य सडकहरु स्तरोन्नती गरिएको छ । वर्षाको कारण क्षति पुगेको पुष्पलाल मार्ग, र प्रमुख सडकहरुमा यातायातका साधनहरुको तत्काल आवागमनको प्रवन्ध मिलाईएको छ ।

८. ठुला पुर्वाधार तथा वहुवर्षीय आयोजनाहरुको ठेक्का वन्दोवस्त गरी कार्यान्वयनको सुरुवात गरिएको छ । विभिन्न आयेजनाहरुको निर्माण तथा मर्मतसम्भार गरी मन्थलीवासीहरुमा खानेपानी सुविधा पुऱ्याउन प्रयासहरु गरिएको छ ।

९. अपाङ्गता भएका व्यक्तिहरु तथा जेष्ठ नागरिकहरुलाई सम्वन्धित वडामै शिविर सञ्चालन गरी परिचयपत्र वितरण गरिएको र सम्भाब्य व्यक्तिहरुलाई तत्काल सामाजिक सुरक्षा भत्तामा आवद्ध गरिएको छ ।

१०. अनलाईन घटनादर्ता तथा सामाजिक सुरक्षाभत्ताको अभिलेख अद्यावधिक गर्नेकार्यको सुरुवात गरिएको छ ।

११.रु. पाँचलाख सम्म पूँजि भएका उद्योगहरु नगरपालिकावाटै दर्ता गर्ने, नगरपालिका क्षेत्रभित्र काम गर्ने सहकारी संस्थाहरुलाई सूचिकृत गराई अभिलेख व्यवस्थित गर्ने र स्थान, उद्देश्य र कारोवार समान भएका सहकारी संस्थाहरुको एकीकरण गर्ने कार्यको सुरुवात गरिएको छ ।

१२. सम्वन्धित वडावाटै वडास्तरीय सेवाहरु प्रवाह गरिएको छ । नगरपालिकामा कार्यरत कर्मचारीहरुको तत्कालिन व्यवस्थापन र जिम्मेवारी वाँडफाँड गरिएको छ ।

१३. नेपार सरकार, प्रदेश सरकार, अन्य स्थानीय तहहरु एवं विकास साझेदारहरुसँगको समन्वय र साझेदारीमा पूर्वाधार, कृषि, वातावरण, उद्योग, स्वास्थ्य, शिक्षा र जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

१४. संविधान र कानुन अनुरुप नगरपालिकालाई प्राप्त अधिकारको अभ्यास गर्न आवश्यक कानुनको निरन्तर तर्जुमा तथा संशोधन गरिएको छ । न्यायिक समिति समक्ष प्राप्त हुन आएका उजरीहरुको समयमै सुनुवाई गरिएको छ ।

१५.नगरभित्र सञ्चालित आयोजनाहरुलाई उपभोक्ता, वडा र नगरस्तरवाट गरी ३ तहको अनुगमनको व्यवस्था गरिएको र यस्तो अनुगमनलाई नतिजामूलक वनाउन प्रयासहरु भएकाछन् ।

**आदरणीय सदस्यज्यूहरु, उल्लेखित उपलब्धिहरु समेतलाइ मध्यनजर गर्दै नगरपालिकाको आगामी आ.व. को नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न आधारहरु लिइएको छ :**

- नेपालको संविधान, २०७२
- स्थानीय  सरकार संचालन ऐन, २०७४,
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय तहको वजेट तर्जुमा दिग्दर्शन, २०७४
- नगरपालिकाका ऐन, नियम, कार्यविधि र निर्देशिकाहरु,
- दीगो विकास लक्ष्य, २०१६-२०३०,
- पन्ध्रौ पञ्चवर्षिय योजना, २०७६/०७७-२०८०/०८१
- राष्ट्रिय जनगणना २०६८ का प्रतिवेदनहरु,
- नेपाल सरकार तथा प्रदेश सरकारको बजेट नीति तथा कार्यक्रम,
- नगर कार्यपालिका तथा नगरसभाका विगतका निर्णयहरु ।
- मन्थली नगरकार्यपालिका र नगरसभाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,
- नगरपालिकाका प्रमुख समस्या र सम्भावनाहरु

उल्लेखित कानूनी तथा नीतिगत व्यवस्था अनुरुप आगामी आ.व.को योजना तथा बजेट तर्जुमा गर्दा क्रमशः कृषि तथा पशुपालन, स्वास्थ्य तथा महामारी नियन्त्रण, शिक्षा तथा खेलकूद, पूर्वाधार निर्माण, विपद व्यवस्थापन, रोजगारी सिर्जना तथा आयआर्जन, लक्षित कार्यक्रमहरु र सुशासनलाई मुख्य प्राथमिकता दिइएको व्यहोरा समेत यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु ।

**उपस्थित सदस्यज्यूहरु अव म मन्थली नगरपालिकाद्धारा आगामी आ.व. २०७७/०७८ का लागि तय गरिएका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।**

## क. समष्टिगत नीतिहरु :

१ राजश्वका सम्भाब्य श्रोतको पहिचान गरी राजश्वका दायरा समयानुकूल फराकिलो वनाउदै लगिनेछ ।

२.कृषि तथा पशुपंक्षी पालनलाई ब्यवसायिक, आधुनिकीकरण र यान्त्रिकरण गर्दै खाद्यान्न, तरकारी, दुध, मासु र अण्डामा नगरलाई आत्मनिर्भरता तर्फ उन्मुख गरिनेछ ।

३.नगरमा उपलब्ध स्थानीय साधन श्रोत र कच्चापदार्थको प्रयोग गरी रोजगारमूलक साना, लघु तथा घरेलु उद्योग स्थापना मार्फत नगरवासीको दिगो र भरपर्दो आयश्रोतको विकास गरिनेछ ।

४.आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी र सबैको पहुँचमा पुऱ्याउन भौतिक संरचनाको निर्माण, ब्यवस्थापन तथा स्वास्थ्य संस्था र कर्मचारीहरुको क्षमता वृद्धि गरिनेछ ।

५. नगरवासीलाई महामारीवाट सुरक्षित राख्न पूर्वतयारीका कार्यहरु गरिनेछ । महामारीको नियन्त्रणका लागि आवश्यक औषधि उपकरण, भौतिक पूर्वाधार तथा जनशक्तिको ब्यवस्थापन गरिनेछ ।

६.विद्यालयको भौतिक संरचना सुधार एवं आधारभूत तहलाई अनिवार्य र निशुल्क तथा माध्यमिक तहलाई निःशुल्क गरी गुणस्तरीय शिक्षा मार्फत सक्षम जनशक्ति निर्माणमा जोड दिइनेछ ।

७. नगरका प्रमुख सडकहरुलाई स्तरोन्नती गरी कालोपत्र गर्दै जाने र सवै वडा कार्यालयहरुसम्म वाह्रै महिना यातायातका साधनहरु चल्ने गरी सडकको स्तरोन्नती, सुधार र मर्मतसम्भार गरिनेछ ।

८.विपदजन्य घटनाहरुलाई तत्काल सम्वोधन गर्न विपद ब्यवस्थापन कोषको स्थापना र परिचालन गरिनेछ ।

९.नेपाल सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति अनुरुप वञ्चितीकरणमा परेका वर्गलाई लक्षित गरी आयमूलक, सीपमूलक तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. नगरवाट उपलब्ध हुने आधारभूत सेवाहरु सम्वन्धित वडा कार्यालयवाटै उपलब्ध गराइने छ । सवै वडाहरुमा इन्टरनेट जडान गरी सामाजिक सुरक्षा, घटनादर्ता, राजश्व संकलन लगायतका सफ्टवेयरहरु सञ्चालनमा ल्याईनेछ ।

११. नगरको सेवाप्रवाहलाई गुणस्तरीय, पारदर्शी र प्रभावकारी वनाई सुशासन अभिवृद्धि गर्न नगरसभावाट स्वीकृत सुशासन ऐनलाई पूर्णतः कार्यान्वयन गरिनेछ ।

१२. नगरपालिकावाट सञ्चालित आयोजनाहरुको नतिजामा आधारित अनुगमनको सुरुवात गरिनेछ ।

१३.नेपालको संविधान, तथा अन्य प्रचलित कानून वमोजिम नगरपालिकालाई प्राप्त अधिकारहरुको प्रचलनका लागि आवश्यक कानुनको तर्जुमा र कार्यान्वयन गर्दै लगिने छ ।

१४. न्यायिक समितिको कामलाई थप सहज र प्रभावकारी वनाउँदै लगिने छ ।

## ख. विषयक्षेत्रगत नीतिहरु :

### १.स्थानीय राजश्व संकलन तथा परिचालन :

प्राकृतिक श्रोत साधनको उपलब्धता र उपयोग, उद्योग, ब्यापार, ब्यवसायको स्थापना, राजश्व संकलनको अनुभव तथा क्षमता समेतलाई मध्यनजर गर्दा हाम्रो नगरपालिका आन्तरिक राजश्व संकलनमा त्यति धेरै सम्पन्न छैन । तथापी प्रत्येक वर्ष राजश्व संकलनमा क्रमश. सुधार भने भईरहेको छ । कोरोना भाईरसको विश्वब्यापी महामारीले नगरवासीको रोजगारी तथा आयमा पारेको प्रतिकूल असरका कारण हाल नगरवासीको

राजश्व भुक्तानी क्षमता समेत कमजोर भएको छ । यसै तथ्यलाई हृदयंगम गरी आगामी आ.व.मा राजश्वका केही दरहरुलाई सरोकारवालाहरुको समेत सुझाव प्राप्त गरी थप परिमार्जन र सुलभ वनाउने प्रयत्न गरिएको छ भने केही नयाँ करका श्रोतहरुको पहिचान गरी करका दरहरु प्रस्ताव गरिएको छ । जसका कारण चालु आ.व.को तुलनामा आगामी आ.व. २०७७/७८ मा केही थप राजश्व प्राप्त गर्न सकिने देखिएको छ । आगामी आ.व.मा राजश्व संकलन तथा परिचालनको क्षेत्रमा देहाय बमोजिमका नीतिहरु अवलम्वन गरिने छ ।

**१.१. राजश्व संकलन तथा परिचालन नीतिहरु :**

१. राजश्वका दरहरुलाई उपयुक्त विन्दुमा राखी दायरा विस्तारमा जोड दिइनेछ ।

२. नगरक्षेत्र भित्र रहेका सरकारी, सार्वजनिक तथा नगरको स्वामित्वमा रहेका जमिन र त्यस्ता जमिनमा निर्मित संरचनाहरुलाइ वहालमा लगाइ राजश्व संकलन गरिनेछ ।

३ नगरपालिकाको लगानीमा निर्माण भएका पूर्वाधार तथा सडकहरुमा सेवा शुल्क लगाइने छ ।

४. नगरक्षेत्र भित्रका ब्यापार ब्यवसाय, बैंक लगायतका वित्तिय संस्थाहरु, उद्योग, फर्म, गैसस, सहकारी, सामुदायिक संघसंस्थालाई अनिवार्य दर्ता/नवीकरण गराई ब्यवसायको आकार, प्रकृति, उद्देश्य, कारोवार र तिनीहरुवाट वातावरणमा पर्ने प्रभाव समेतका आधारमा करका दरहरु निर्धारण र समसामयिक परिमार्जन गरिनेछ ।

५. नगरक्षेत्र भित्र र वाहिर दर्ता भई नगरपालिमा काम गर्न आउने राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, सहकारी, निर्माण ब्यवसायी, सप्लायर्सहरुलाई अनिवार्य सूचिकृत गराइ करको दायरामा ल्याईनेछ ।

६. नगरपालिका क्षेत्रभित्र सञ्चालित ब्यवसायहरुलाई करको दायरामा समेट्न मुख्य वजार केन्द्रहरुमा ब्यवसाय दर्ता/नवीकरण शिविर सञ्चालन गरिने छ ।

७.उद्योगी ब्यवसायीहरुलाई थप प्रोत्साहन गर्न ब्यवसाय दर्ता तथा नवीकरण शुल्कलाई सहज वनाउँदै लगिनेछ ।

८. लक्षित वर्गलाई ब्यवसाय प्रति आकर्षित गर्न महिला र अपाङ्गता भएका ब्यक्तिहरुको नाममा दर्ता भएका ब्यवसायहरुलाई तोकिएको ब्यवसाय करमा १० प्रतिशत छुट दिइनेछ ।

९.वडा कार्यालयवाट राजश्व संकलन गर्ने ब्यवस्था मिलाउन सफ्टवेयरको जडान गरी राजश्व संकलनमा संलग्न कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०.घरवहाल कर निर्धारण प्रयोजनार्थ निश्चित मापदण्ड वनाई घर वहाल दर निर्धारण गरिनेछ । असोज मसान्त सम्म एकमुष्ट वार्षिक वहाल कर वुझाउन आउने घरधनी/ब्यवसायीलाई वार्षिक वहाल करको १० प्रतिशत छुट दिइने छ ।

११. राजश्व छली र चुहावट नियन्त्रणका लागि नियमित अनुगमन तथा सरोकारवालाहरुसँग सहकार्य गरिनेछ । धेरै कर तिर्ने वा समयमा कर तिर्न आउने करदातालाई करछुट, सम्मान तथा पुरस्कारको ब्यवस्था गरिनेछ भने कर नतिर्ने वा छली गर्ने करदाताहरुलाई कानून वमोजिम कारवाही गरिनेछ ।

१२.सवै करदाताहरुलाई करको दायरामा ल्याउन करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनुका साथै राजश्व संकलनलाई कार्यालयवाट प्रवाह गर्ने सेवासँग आवद्ध गरिने छ । यसको लागि कार्यालयमा सेवा लिन आउँदा अनिवार्य रुपमा राजश्व वुझाएको भरपाईको प्रतिलिपि पेश गर्नुपर्ने ब्यवस्था मिलाइनेछ ।

१३.नगरपालिका क्षेत्र भित्र विभिन्न पार्क, सपिङ कम्प्लेक्स र आय आर्जनमा टेवा पुर्‍याउने अन्य पूर्वाधार निर्माणतर्फ लगानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४.पर्यटन, जलविद्युत, खानेपानी, वन, खनिज, लगायतवाट प्राप्त हुनपर्ने रोयल्टी र राजश्व वाँडफाँडवाट प्राप्त हुनपर्ने रकम समयमै उपलब्ध गराउन सम्वन्धित निकायमा पहल गरिनेछ ।

१५. नगरपालिका क्षेत्र भित्रका सार्वजनिक ऐलानी जग्गामा विगत देखि ब्यवसाय गरी वसेका ब्यवसायीहरुलाई करको दायरामा ल्याउन भोगचलन गरेको जग्गाको वहालकर संकलन तथा ब्यवसाय दर्ता/इजाजत दिने प्रक्रिया अगाडि वढाइने छ ।

१६.संघीय सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको लगानीमा निर्माण हुने भौतिक पूर्वाधारहरु निर्माणको कार्यमा प्रयोग हुने माटो, ढुंगा, गिट्टी, वालुवा, ग्राभेल आदिको उपयोगलाई करको दायरमा ल्याइनेछ ।

१७.कृषि, पशुपालन, लघु तथा घरेलु उद्योगलाई प्रवर्द्धन गर्न यस्ता समुह, सहकारी तथा ब्यवसाय दर्ता/नवीकरण कार्यमा सहुलियत दर निर्धारण गरिनेछ ।

१८. नगरको आन्तरिक आय वृद्धिको लागि सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया, संयुक्त अनुगमन, सहयोग आदानप्रदान, समन्वय र सहकार्य गरिनेछ ।

१९. कानून वमोजिम राजश्व परिचालन नीति तर्जुमा, राजश्वका श्रोत, दर र दायरालाई अध्ययन गर्न राजश्व सम्भाव्यता अध्ययन गरिनेछ ।

२०.वढी राजश्व संकलन गर्ने वडाहरुलाई प्रोत्साहित गर्न वडागत वजेट सिलिङ्ग निर्धारण गर्दा वडाले संकलन गरेको राजश्व रकमलाई समेत आधारको रुपमा लिने ब्यवस्था गरिनेछ ।

## **२. आर्थिक विकास** :

### **२.१.कृषिः**

१. हावापानी, भुवनोट, माटोको प्रकृति र गुणस्तर अनुसार सवै प्रकारका जग्गाको उपयोग गर्दै लगिने छ।

२. फलफुल, तरकारी, अन्नबाली पकेट क्षेत्रको रुपमा विकास गरी कृषि उत्पादनमा आत्मनिर्भर तर्फ अगाडि वढिनेछ।

३. कृषि पेशालाई व्यवसायिक वनाउन यान्त्रीकरण तथा आधुनिकीकरणमा जोड दिइनेछ।

४. नगरपालिकास्तरीय कृषक सञ्जाल गठन गरी कार्यक्रम कार्यान्वयनमा समन्वय गर्ने र कृषकका समस्याहरुको सम्वोधन गर्न सूचनाहरु आदानप्रदान गर्ने संयन्त्रको निर्माण गरिनेछ ।

५. बैदेशिक रोजगारबाट फर्किएका ब्यवसायिक सीप भएका युवाहरुलाइ कृषि पेशामा आकर्षण गर्न त्यस्ता युवालाई लक्षित गरी कृषि उत्पादनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. कृषि उत्पादनको वजारीकरणका लागि सहजीकरण गर्न संकलन तथा विक्रीकेन्द्रको निर्माण तथा विक्री वितरण हुन नसकेका उत्पादनहरु नगरपालिकाले खरिद गरी विक्री वितरणको ब्यवस्था गरिनेछ।

७ नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका र अन्य संस्थाहरुको साझेदारीमा चिस्यान केन्द्र, सानासिंचाइ, कुलो, लिफ्ट सिंचाइ, थोपा सिचाइ, सिंचाइ पोखरी, प्लाष्टिक पोखरी, कृषिउपज संकलन तथा विक्रीकेन्द्र जस्ता कृषि पूर्वाधारहरुको निर्माण तथा ब्यवस्थापन गरिनेछ ।

८.विभिन्न कृषि वालीहरुमा लाग्ने महामारीको तत्काल नियन्त्रणका लागि आवश्यक औजार तथा विषादीको ब्यवस्था र जनशक्तिको परिचालन गरिने छ । महामारी नियन्त्रणका घरेलु उपायहरुको समेत अवलम्वन गर्न कृषकहरुलाई आवश्यक सूचना तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

## **<u>२.२.पशुसेवा</u>**

१. गाई, भैसी, बाखा, कुखरा, वंगुरपालन तथा पशु आहाराको पकेट कार्यक्रमहरु सञ्चालन गरी नगरलाई दुध, मासु, अण्डा, घाँसेवाली र घाँसको विउमा आत्मनिर्भर बनाउदै लगिने छ ।

२. पशुपंन्क्षि पालन व्यवसायलाई आधुनीकरण गरी व्यवसायिक उत्पादनको वजारीकरण गर्न सहयोग गरिने छ ।

३. पशु पन्क्षिपालन व्यवसायलाई ब्यवसायिक फर्म, समुह तथा सहकारी मार्फत संञ्चालन गर्ने प्रेरित गरिनेछ ।

४. दुग्ध उत्पादक कृषकहरुलाई प्रोत्साहित गरी ब्यवसाय प्रवर्द्धन गर्न सम्भाब्य स्थानहरुमा दुग्ध संकलन केन्द्रहरुको स्थापना गर्दै लगिने छ । नगरले प्रतिलिटर दुधविक्रीमा कृषकलाई दिदै आएको अनुदान रकममा निरन्तरता दिइने छ ।

५. कृषकले ब्यहोर्नु पर्ने पशु बिमा शुल्क अनुदानको रुपमा उपलब्ध गराइने र गाई, भैसीमा सुत्केरी स्याहार प्रोत्साहन अनुदानलाई निरन्तरता दिईने छ ।

६.पशुपंक्षीहरुमा देखिने महामारीको नियन्त्रणका लागि आवश्यक औजार र विषादीको ब्यवस्था तथा आवश्यकता अनुसार उपचार सिविरहरु सञ्चालन गरिनेछ ।

## **<u>२.३. सहकारीः-</u>**

१.नगरमा रहेका सहकारी संस्थाहरुको भेला एवं अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

**२.** सहकारी संस्थाहरुलाई व्यवस्थित गर्न सहकारी कर्मीको क्षमता विकासका लागि तालिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३.सहकारी क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी आयआर्जनमा सहयोग गर्ने आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

४.समान उदेश्य, क्षेत्र, सदस्य, कारोवार भएका सहकारी संस्थाहरुलाई एकीकरण गर्न प्रोत्साहित गरिने र नियमित नभएका सहकारी संस्थाहरुलाई खारेजी प्रक्रियामा लगिनेछ ।

## २.४. उद्योग, वाणिज्य तथा वित्तिय क्षेत्र :

१. महामारी रोगको कारण विस्थापित भएका, रोजगारी गुमाएका र नगरपालिकामा सूचीकृत वेरोजगार व्यक्तिहरुलाई आयमूलक तथा सीपमूलक उद्यमशीलता तालिम प्रदान गरी लघु, घरेलु तथा साना उद्योग स्थापना तथा उत्पादित वस्तुहरुको वजारीकरणको लागि सहयोग प्रदान गरिने छ ।

२.लघु तथा घरेलु उद्योग स्थापनाका लागि उद्यमीहरुलाई सरल ढंगवाट सहुलियत दरमा ऋण उपलब्ध गराउन निजीस्तरका वित्तीय क्षेत्र र सहकारीहरुसँग समन्वय गरिने छ ।

३. निजी क्षेत्रसँगको समन्वयमा स्थानीय स्तरमा उत्पादित औद्योगिक वस्तुहरुको प्रवर्दनको लागि औधोगिक मेला तथा प्रदर्शनी आयोजना गरिने छ ।

## २.५.रोजगारी प्रवर्द्धन :

१. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचिकृत वेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्न सिपको आधारमा विकास निर्माणका कार्यक्रमहरुमा परिचालन गरिने छ ।

२.वैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई आवश्यक सूचना तथा परामर्श प्रदान गर्न रोजगारी सूचनाकेन्द्रलाई प्रभाकारी वनाईने छ ।

३.सुरक्षित आप्रवासन कार्यक्रम मार्फत वैदेशिक रोजगारीवाट फर्किएका युवाहरु र प्राप्त भएको पूँजीलाई उत्पादनमूलक व्यवसाय गर्न प्रोत्साहित गर्ने र विभिन्न कारणले मनोसामाजिक समस्यामा परेका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइने छ ।

## २.६.पर्यटन :

१. नगरक्षेत्र भित्रका सम्भाब्य पर्यटकीय स्थलहरुको पहिचान, प्रवर्दन तथा प्रचार प्रसार गरिने छ ।

२. मन्थली स्थित ३ लाल पार्क निर्माण कार्यलाई तिव्रता दिइने छ ।

३. पर्यटकहरुलाई आवश्यक सूचना तथा परामर्श प्रदान गर्न मन्थली एयरपोर्ट छेउमा हेल्पडेष्क सञ्चालन गरिने छ ।

## २.७. भू-व्यवस्था :

- सार्वजनिक एवं गुठी जग्गाको अतिक्रमण र कृषियोग्य जमिनको खण्डीकरणलाई निरुत्साहित गरिनेछ ।

●वाढी, पहिरो, भुक्षय नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरी जमिनको संरक्षण गरिनेछ ।

●नेपाल सरकारको Æ**सम्पूर्ण जग्गाको वर्गीकरणः कृषियोग्य जग्गाको संरक्षण**æ भन्ने नीति अनुरुप नगरको भू उपयोग नीति वनाई भूमिको वर्गीकरण, संरक्षण र उपयोग गर्दै लगिनेछ ।

## ३. सामाजिक विकास :

### ३.१.शिक्षा तथा संस्कृति :

१. विद्यालय उमेर (५-९) का सम्पूर्ण बालबालिकाहरु विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने वातावरण निर्माण गरिनेछ ।

२. शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रविधिमैत्री र शैक्षिक सामाग्री सहितको शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइ उत्कृष्ट सिकाइ उपलब्धि हासिल गर्ने गराउने शिक्षक, विद्यार्थी र विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।

३. विद्यार्थी संख्या र दुरीका आधारमा विद्यालय समायोजन,कक्षा अपग्रेड गर्ने वा घटाउने, शिक्षकहरुको समानुपातिक वितरण तथा नविनतम शिक्षण विधिको प्रयोगका लागि आवश्यक ज्ञान, सीप र दक्षता अभिवृद्धि गरिनेछ ।

४. योग्यतामा आधारित दक्ष शिक्षकहरु भित्र्याइ गुणस्तरीय शिक्षामा जोड दिइनेछ ।

५. विद्यालयका भौतिक पूर्वाधारहरुको निर्माण तथा ब्यवस्थापन गरिनेछ ।

६. बालबालिकाको सिकाइ प्रक्रियामा सुधार गर्न अभिभावकहरुको सहभागितामा जोड दिइनेछ ।

७. विद्यार्थीहरुको अन्तरनिहित क्षमताको प्रस्फुटन गराउन विद्यालयहरुमा सहअतिरिक्त क्रियाकलापहरुमा जोड दिइनेछ ।

८. सविधानको मर्म अनुसार आधारभूत तहलाई अनिवार्य र निशुल्क तथा माध्यमिक तहलाइ निशुल्क गरिनेछ ।

९. नगरका सवै परम्परागत मौलिक साँस्कृतिहरु, भाषा, धर्म,कला, साहित्य भेषभुषा, रहनसहन, चाडपर्व, मेला, जात्रा, आदिको संरक्षण प्रोत्साहन तथा विकास गरिने छ ।

१०. सवै धर्मावलम्वीका धार्मिक स्थलहरुहरुको निर्माण, मर्मत सम्भार तथा जिर्णेद्वार गरिने छ ।

### ३.२. खेलकूद :

१. खेलकुदको माध्यमवाट युवाहरुको प्रतिभा प्रस्फुटन गराउन राष्ट्रपति रनिङशिल्ड एवं भलिवल, फुटवल, व्याटमिन्टन लगायतका प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।

२. खेलकुदको माध्यमवाट युवा तथा विद्यार्थीहरुको सर्वाङ्गिण विकासमा सहयोग पुयाउन समुदाय एवं विद्यालयतहमा खेलकुदका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

**३.३. स्वास्थ्य :**

१. समुदायमा स्वास्थ्य सेवाको पहुँच वढाउन स्थापना गरिएका शहरी स्वास्थ्य केन्द्र र आधारभुत स्वास्थ्य केन्द्रलाई पुनरावलोकन गरी व्यवस्थापन गरिनेछ ।

२. संघ र प्रदेश सरकारसँगको सहकार्यमा मन्थली नगरपालिका भित्रका मन्थली र गेलु प्राथमिक स्वास्थ्य केन्द्रहरुको पूर्वाधार तथा ब्यवस्थापकीय सुधार गरिनेछ । मन्थली प्राथमिक स्वास्थ्य केन्द्रलाइ २५ शैयाको अस्पताल सञ्चालन गर्ने गरी स्तरोन्नती गरिनेछ ।

३. मन्थली प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मेसी सेवा सञ्चालनको लागि रिभल्विङ फण्डको व्यवस्था गरिनेछ ।

४.नगरक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क वितरण गरिने अत्यावश्यक औषधीहरुको अभाव नहुने गरी आपुर्तिको ब्यवस्था गरिनेछ ।

५.स्वास्थ्य बिमा सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरी **दलित महिला, एकल महिला र ख वर्गको अपाङ्गता भएका व्यक्तिहरुको** ५० प्रतिशत बिमा रकम नगरपालिकाबाट उपलब्ध गराइने छ ।

६. स्वास्थ्य केन्द्रहरुवाट सुरक्षित प्रशुति सेवा उपलब्ध गराइने छ । सुत्केरीलाई सुरक्षा, पोषण र उत्प्रेरणाको लागि सुत्केरीसँग उपप्रमुख कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

७.समुदायस्तरवाटै स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

८. विध्यालय नर्स तथा अन्य स्वास्थ्यकर्मीद्वारा विध्यालयमा आधारभूत स्वास्थ्य शिक्षाको माध्यमवाट विध्यार्थीहरुको स्वास्थ्य प्रवर्धन गरिनेछ ।

९. COVID-19 र अन्य माहामारीजन्य रोगको नियन्त्रण र रोकथामको लागि क्वारेन्टाईन, आईसोलेसन र औषधिको व्यवस्था मिलाईनेछ ।

१०. COVID-19 रोकथाम र नियन्त्रणमा खटिएका जनशक्तिको लागि कार्यविधि वनाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

११. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरुका भवन निर्माण, मर्मत सम्भार, आवश्यक औजार उपकरणको खरिद तथा रेफरल फण्डको व्यवस्था मिलाईनेछ ।

१२. प्राकृतिक चिकित्सा, आयुर्वेदिक चिकित्सा एवं होमियाप्याथिक चिकित्सालाई प्रोत्साहन गरिने छ ।

**३.४. लक्षित वर्ग (महिला, दलित, जनजाति, जेष्ठनागरिक, अपाङ्गता भएका ब्यक्ति, वालवालिका) :**

१. समुदायका विपन्न ,दलित, जनजाति, महिला, अपाङ्गता भएका ब्यक्तिहरुलाई लक्षित गरी सीप विकास तालिम तथा व्यवसाय स्थापनाका लागि सहयोग गरिनेछ ।

२. छुवाछुत, लैङ्गिक हिंसा, मानव वेचविखन, वालविवाह, वालश्रम शोषण विरुद्ध जनचेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

३.जेष्ठ नागरिक, सम्मान एवं जेष्ठ नागरिक र अपाङ्गता भएका ब्यक्तिहरुको जीवनयापनलाई सहज वनाउन आवश्यक सामग्रीहरु वितरण गराईनेछ ।

४.दलित, जनजाति, महिला, वालवालिका, अपाङ्गता भएका ब्यक्तिहरु, ज्येष्ठ नागरिक लगायत लक्षित वर्गका हक अधिकारको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास, कानुनी सचेतना, अन्तरक्रिया जस्ता कार्यक्रमहरु गरिनेछ ।

५.अनाथ, वेसहारा तथा हिंसामा परेका महिला, जेष्ठ नागरिक तथा वालवालिकाहरुको तत्काल सुरक्षाको लागि आश्रयस्थल र उपचारको ब्यवस्था गरिनेछ ।

६. वालमैत्री नगरपालिका घोषणाको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**३.५. खानेपानी तथा सरसफाई :**

- नगरको अधिकतम क्षेत्र सुख्खाग्रस्त भएकोले मानव वस्तीमा खानेपानी ब्यवस्थापन गर्न विभिन्न निकायको सहकार्य एवं समन्वयमा लिफ्ट/डिपवोरिङ जस्ता प्रविधिको समेत उपयोग गरी खानेपानी योजनाहरु सञ्चालनमा ल्याईनेछ । क्रमागत खानेपानी योजनाहरु समयमै सम्पन्न गर्न जोड दिईने छ ।

- परम्परागत पानी पोखरी, ढुङ्गे धारा र मूलको सरक्षण गर्ने कार्यक्रमहरु सञ्चालन गरी भौगोलिक र प्राकृतिक स्वरुपको समेत जगेर्ना गरिनेछ ।

- मन्थली नगरको फोहोर ब्यवस्थापनको लागि उपयुक्त स्थानमा ल्याण्डफिल्ड साइट निर्माणको प्रक्रिया अगाडि वढाइने छ ।

- प्रमुख वजारक्षेत्रहरुमा ढल निकासको उचित व्यवस्थापन गर्न अन्य निकायको समेत साझेदारी र समन्वयमा कार्यक्रमहरु सञ्चाल गरिनेछ ।

- सटर वाहिर र सडक पेटीमा सामग्री राखेर वेच्ने, सार्वजनिक स्थल, सडकपेटी र सडक नालामा फोहर फाल्ने तथा छतको पानी सडकमा अव्यवस्थित विसर्जन गर्ने कार्यलाई दण्डनीय वनाइनेछ ।

- टोल सुधार समितिहरुसंग सहकार्य गरी बजार सरसफाई कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

●घर पसलवाट निस्कने फोहोरमैलाको उचित ब्यवस्थापन गर्न जनचेतनामूलक सूचनाहरु, होर्डिङवोर्ड एवं टोलटोलमा डस्विनहरु ब्यवस्थापन तथा वितरण गरिनेछ ।

**३.६.पञ्जीकरण तथा सामाजिक सुरक्षाः**

१. सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता जस्ता अभिलेखलाई व्यवस्थित गर्न अनलाईन प्रविधिको उपयोग गरिनेछ।

२.घटना दर्ता प्रक्रियामा सम्वन्धित सवैलाई आवद्ध गरिनेछ ।

३. सामाजिक सुरक्षा भत्ता वैंकिङ प्रणालीवाट वितरण गर्ने ब्यवस्था मिलाइनेछ ।

४. अनलाईन प्रविधिवाट सामाजिक सुरक्षाको अभिलेख राख्ने र घटना दर्ता गर्ने कर्मचारीको समयानुकूल क्षमता विकास गरिनेछ ।

## ४. पूर्वाधार विकास :

**"ठूला पूर्वाधार, समृद्ध नगरको आधार"**

१. पूर्वाधार निर्माण गर्दा सार्वजनिक, निजी, सामूहिक लागत साझेदारी तथा बाह्य स्रोत परिचालनमा प्राथमिकता दिईनेछ ।

२. बस्तीस्तरबाट माग भएका, प्रत्यक्ष रोजगारी सिर्जना हुन सक्ने, वातावरणमा कम असर पर्ने, जनसहभागिता जुट्ने कम लागतमा बढी जनसंख्या लाभान्भित हुने, श्रममूलक तथा क्रमागत योजनाहरुको कार्यान्वयनमा प्राथमिकता दिईनेछ ।

३.संघीय र प्रदेश सरकारसँगको साझेदारीमा नगरकेन्द्र देखि वडाकेन्द्र जोड्ने र प्रमुख बजार केन्द्र तथा कृषि उत्पादन केन्द्र जोड्ने सडकहरुलाई सर्वयाम सञ्चालन योग्य बनाउदै लगिनेछ ।

४. विकास निर्माणको गुणस्तर मापन गर्न अन्य निकायसँग समन्वय गरी ल्याव स्थापना गरिनेछ ।

५. भवन निमार्ण तथा वस्ती विकासको कार्यलाई मापदण्ड अनुरुप व्यवस्थित गरिनेछ । सार्वजनिक तथा सडक क्षेत्राधिकार भित्रको जग्गा अतिक्रण गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ । एकिकृत वस्ती विकासलाई प्रोत्साहन गर्न समुदायले १५ घरसम्म एकै स्थानमा वनाउने योजना ल्याएमा सडक, र विद्युतको व्यवस्था नगरपालिकाबाटै गरी नक्शा पास दस्तुरमा ५० प्रतिशत सम्म छुट दिईनेछ ।

६. सडकको नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गर्दै ट्रयाक ओपन भइसकेका सडकको स्तरोन्नती र बनिसकेका सडक, पुल पुलेसा संरक्षण र मर्मतसम्भार गरिनेछ ।

७. प्राथमिकता प्राप्त सडक लगायतका मुख्य पूर्वाधार आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) को कार्य वस्तुगत आवश्यकताको आधारमा नगरपालिकाको कार्यालयवाटै गरिनेछ ।

८. भौतिक पूर्वाधारहरु निर्माण गर्दा प्राविधिक मापदण्ड र स्पेशिफिकेशन (Specification) लाई अनिवार्य गरिनेछ ।

९. सडकमा परेका जग्गाको लगत कट्टा गर्ने कार्यको थालनी गरिनेछ ।

१०.साझेदार संस्थाहरुको सहयोगमा विधुतीकरण, सौर्य उर्जा, वायु उर्जा लगायत वैकल्पिक उर्जाका कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका लागि बैंक तथा वित्तीय क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक समन्वय गरिनेछ ।

११.वडा कार्यालय भवन नभएका र चालु आ.व. मा समेत कार्यालय भवन निर्माणको कार्यक्रममा नपरेका वडा कार्यालयहरुको निर्माण कार्य संघीय तथा प्रदेश सरकारको समेत साझेदारीमा आ.व.मा क्रमश गर्दै लगिनेछ ।

१२.मन्थली वजारक्षेत्रमा भइरहेका गतिविधिहरुको निगरानीको लागि सहयोग पुऱ्याउन र शहरी क्षेत्रलाई उज्यालो वनाइ नागरिकहरुको आवगमन समेत सहज वनाउन आवश्यक स्थानहरुमा सिसिटिभि र सडकवत्ती जडान गर्ने कार्यलाई ।

## ५. वातावरण तथा विपद ब्यवस्थापन :

**१**.भू-क्षय नियन्त्रण एवं हरियाली प्रवर्द्धनको लागि हावापानी, माटो र भूगोल अनुरुप खाली जग्गाहरुमा वृक्षारोपण गरिनेछ । साझेदार निकायहरुको समेत सहयोग र समन्वयमा मन्थली वजारलाई ग्रिनसिटिको रुपमा विकास गरिनेछ ।

२. विभिन्न निकाय, संघसंस्था तथा समूदायको साझदारीमा खानेपानीका मुहानहरुको संरक्षण तथा वाढी पहिरो नियन्त्रणको लागि ग्याविन तारजालि लगाईने छ । यस्ता कार्यमा समुदायको भूमिका अभिवृद्धि गर्न आवश्यक तालिमहरु प्रदान गरिनेछ ।

३.वातावरण संरक्षण तथा जलवायु परिवर्तनको अनुकुलनमा समुदायको भूमिका वढाउन सूचनामूलक कार्यक्रम तथा सामुदायिक उत्थानशीलताका लागि आवश्यक तालिम प्रदान गरिनेछ ।

४.सम्भावित विपद्जोखिम न्यूनीकरण, वातावरणीय संरक्षण एवं सिंचाईको ब्यवस्थापनका लागि सम्भाब्य स्थानहरुमा आहाल/पोखरीहरुको निर्माण तथा मर्मतसम्भार एवं प्लाष्टिक पोखरीहरुको निर्माण गरिनेछ ।

५.सम्भावित विपदको पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभको लागि आवश्यक औजार तथा राहत सामग्रीको तत्काल ब्यवस्थापन गर्न विपद ब्यवस्थापन कोषलाई वलियो वनाउदै लगिनेछ ।

६. विपदको कारण अवरुद्ध हुने राजमार्ग तथा वडाकेन्द्र जोड्ने सडकहरुलाई तत्काल सूचारु गरिनेछ ।

७.नगरपालिकामा रहेको वारुणयन्त्र सञ्चालनको लागि जनशक्तिको ब्यवस्था गरी आवश्यक सुरक्षाका सामग्री र क्षमता विकास गरिनेछ ।

## ६. सार्वजनिक सेवा, सुशासन तथा क्षमता विकास :-

१. नगरपालिकाका पदाधिकारी र कर्मचारीहरुको सेवा प्रवाहमा प्रभावकारिता ल्याउन र कार्य उत्प्रेरणा बढाउन आवश्यक ज्ञान, सीप र क्षमता बढाउदै लगिनेछ ।

२. कर्मचारीको समायोजन पश्चात नगरको जनशक्ति व्यवस्थापनका लागि नगरपालिकाले प्रदान गर्ने सेवाको प्रकृति र उक्त सेवा सञ्चालन गर्न आवश्यक पर्ने दरवन्दी एवं नगरपालिकाको स्रोत, साधन र औचित्यताको आधारमा कर्मचारी संगठन तालिका निर्माणका लागि संगठन व्यवस्थापन सर्वेक्षण (O&M) गरिनेछ ।

३. नगर र वडा कार्यालयको कामलाई सूचना प्रविधिमैत्री बनाउदै लैजानका लागि नगरका सवै वडा केन्द्रमा इन्टरनेट जडान गर्ने काम सम्पन्न गरिनेछ ।

४.नगरको सेवा प्रवाहलाई थप गुणस्तरीय, पारदर्शी, प्रभावकारी र मितव्ययी वनाउदै लगिने छ । नगरपालिकाले सम्पादन गरेका महत्वपूर्ण कार्य, सूचना एवं प्रकाशनहरु वेभसाइट मार्फत सार्वजनिक गरिनेछ ।

५. नगरपालिकाबाट सम्पादन गरिने विकास निर्माण लगायत सबै कामको बारेमा आवधिक रुपमा सार्वजनिक सुनुवाई तथा समीक्षा कार्यक्रम गरिनेछ ।

६. आफ्नो पेशा, व्यवसाय एवं क्षेत्रमा संलग्न रही कुशलतापुर्वक कार्य सम्पादन गरी नगरको प्रतिष्ठा उच्च राख्न योगदान पुऱ्याउने व्यक्ति, समुदाय एवं संघसंस्थालाई सम्मान एवं पुरष्कृत गरिदै लगिनेछ ।

७. मन्थली नगरपालिकाको स्थापना दिवश मनाउने कार्यको सुरुवात गरिनेछ ।

८.कार्यालयका जिन्सी सामानको लगत व्यवस्थित गरी मौजुदा जिन्सी सामानहरुको संरक्षण र पुराना भई काम नलाग्ने र अनुपयोगी मालसामानहरु लिलामी गर्दै लगिनेछ ।

९. वडा कार्यालयवाट प्रवाह हुने सवै प्रकारका सेवाहरु सम्वन्धित वडावाटै प्रवाह गरिनेछ ।

१०.नगरपालिकाले सम्पादन गर्ने कार्य, सेवा र सूचनाहरु जनता सामु पुऱ्याउने र जनताका समस्या, गुनासा र सुझावहरु नगर समक्ष ल्याउने कार्यमा सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहने भएकोले सञ्चार क्षेत्रको विकासमा आवश्यक सहयोग र सहकार्य गरिनेछ । यस्ता कार्यहरुमा महत्वपूर्ण योगदान पुर्‍याउने सञ्चारगृह र सञ्चार कर्मीहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

११.सवै वडा कार्यालयमा कृषि एवं पशुसेवा तर्फको प्राविधिक कर्मचारी व्यवस्थापन गरिनेछ ।

**७.योजना तथा अनुगमन :**

१.नगरको योजनावद्ध विकासको लागि आगामी आ.व. मा आवधिक नगर विकास योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

२.आयोजनाको प्राविधिक लागत अनुमान नेपाली भाषामा तयार गर्ने कार्यको थालनी गरिनेछ ।

३.आयोजनाको कार्यान्वयन, भौतिक पूर्वाधार निर्माणको गुणस्तर कायम, भुक्तानी प्रकृया र आयोजनाको दिगोपनाका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम प्रदान गरिनेछ ।

४. आगामी आ.व.का नीति तथा कार्यक्रमहरुको निर्माण, वजेट सिलिङ्ग, आयोजना छनौट, प्राथमिकीकरण, आदि विषयमा सहजीकरण गर्न वडा तहमा पूर्वयोजना तर्जुमा गोष्ठीहरु आयोजना गरिनेछ ।

५.नगरभित्र कार्यान्वयन हुने कार्यक्रमहरु प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न/गराउन नतिजामूलक अनुगमन (Result Based monitoring) प्रणालीको अबलम्बन गरी एकीकृत रुपमा अनुगमन गरिनेछ ।

## ८.कानुन तथा न्याय:

१.सरोकारवाला निकायहरुको समेत सहभागितामा ऐन, कानुनहरु निर्माण तथा जारी भै सकेका ऐन कानुनहरुको समय सापेक्ष परिमार्जन र कार्यान्वयन गरी कानुनी शासनको प्रत्याभूती दिलाइने छ ।

२. नगरको कानुन निर्माण एवं कार्यान्वयन प्रक्रियाको वारेमा जानकारी गराउन, पृष्ठपोषण लिन एवं न्यायमा सवैको पहुँच सुनिश्चित गर्न वस्तीस्तरमा नै कानुनी शिक्षा, सचेतना एवं अन्तरक्रिया, कार्यक्रम सञ्चालन गरिनेछ ।

३. अन्तरपालिका स्तरीय न्यायिक समितिका पदाधिकारी र जिल्लाका न्यायिक, अर्ध न्यायिक निकायबीच समन्वयात्मक वैठक एवं अन्तरक्रिया गरिनेछ ।

४. नगरपालिकाका १४ वटै वडामा रहेका मेलमिलापकर्ताहरुको क्षमता विकासमा योगदान पुर्याउनुका साथै मेलमिलाप केन्द्र सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

५. न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता, विषयगत समितिका पदाधिकारी र न्यायिक समितिमा कार्यरत कर्मचारीहरुलारुई तालिम लगायत क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नगरपालिकाको कार्यालयमा हेल्पडेस्क स्थापना गरी कानुनी सहजकर्ता मार्फत सेवा उपलब्ध गराइनेछ ।

## ९.समन्वय तथा साझेदारी :

- उल्लेखित नीति तथा कार्यक्रमहरु संघीय तथा प्रदेशस्तरीय कार्यालय, अन्य स्थानीय तहहरु, संघसंस्था, नागरिक समाजसँग आवश्यक समन्वय गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईने र दोहोरोपना हटाईने छ ।

- निजीक्षेत्र, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, सहकारीहरुलाई नगरपालिकामा सूचीकृत गर्ने र आफ्ना योजना/कार्यक्रमहरु अनिवार्य रुपमा नगरसभावाट स्वीकृत गराउने ब्यवस्था गरिनेछ ।

- हाटबजार ब्यवस्थापन, सरसफाई, विकास निर्माण र औधोगिक विकासका कार्यमा लगानी गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

- नगरपालिकाको विकास र समृद्धिको लागि सञ्चालन गरिने कार्यक्रमहरुमा निजीक्षेत्र, गैरसरकारी क्षेत्र, उपभोक्ता तथा आम नागरिकहरुको सहयोग, साझेदारी र सहभागिता जुटाईने छ ।

**उपस्थित नगरसभाका सदस्यज्यूहरु,**

यस नीति तथा कार्यक्रममा नगरको सुदृढ अर्थतन्त्र, सक्षम जनशक्ति निर्माण, व्यवस्थित, दिगो, सन्तुलित, समावेशी, जनमुखी, नतिजामुखी र सामाजिक न्यायमा आधारित विकास, प्रभावकारी सेवा प्रवाह र सुशासन कायम गरी सम्वृद्ध मन्थली नगर वनाउने ध्येय राखिएको छ । सबै खाले सामाजिक विभेदको अन्त्य, नागरिकको सवलीकरण, आधुनिक ज्ञान, सीप तथा नवप्रवर्तनमा आधारित उत्पादन प्रणाली, प्रविधि विकास मार्फत उत्पादकत्व वृद्धि र लाभहरुको समानुपातिक वितरणको अवस्थाले संविधानले कल्पना गरेको समाजवादको मार्ग प्रशस्त गर्दछ भन्ने मेरो दृढ विश्वास रहेकोछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम यस सभावाट पारित गरिदिनु भई कार्यान्वयनको लागि सकारात्मक सुझाव सल्लाह प्रदान गरी दिनुहुन म सम्पूर्ण सभा सदस्यज्यूहरुमा पुनः अनुरोध गर्दै यस सातौं नगरसभा सम्पन्न गर्ने कार्यमा अहोरात्र खटिनु हुने उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु नगरसभाका सदस्यज्यूहरु एवं सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१० असार, २०७७

धन्यवाद ।